**प्रमुख समाचार:**

- बिम्सटेक शिखर सम्मेलन विश्व सुधारका लागि महत्त्वपूर्ण मञ्च भएको प्रधानमन्त्रीको भनाइ
- संसदको दुवै सदन कार्यबाही अनिश्चितकालका लागि स्थगित
- भारत कृतिम बुद्धिमत्तामा विश्वमा दशौँ स्थानमा
- संसदम वक्फ संशोधन विधेयकमाथि भएको छलफल संसदीय इतिहासमै सबैभन्दा लामो भएको संसदीय मामिला मन्त्रीको भनाइ
- आईपीएल क्रिकेटमा लखनऊ सुपर जाइन्ट्स र मुम्बई इन्डियन्स लखनाऊमा भिड्दै

**PM-Thailand**

प्रधानमन्त्री नरेन्द्र मोदीले थाइल्याण्डको दुईदिने भ्रमणका क्रममा आज बिम्सटेक विश्व सुधारका लागि महत्त्वपूर्ण मञ्च भएको र यसलाई बलियो बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँले थाइल्याण्डको बैंककमा सम्पन्न छैठौँ बिम्सटेक शिखर सम्मेलनमा सहयोगसम्बन्धी २१ बुँदे कार्ययोजना प्रस्ताव गर्नुभयो र आपसी व्यापार बढाउने समय आएको बताउनभयो। श्री मोदीले WTO को चेम्बर अफ कमर्स र हरेक वर्ष WTO व्यापार शिखर सम्मेलनको संगठन स्थापना गर्ने घोषणा पनि गर्नुभयो। प्रधानमन्त्रीले शिखर सम्मेलनका क्रममा बंगलादेशका प्रमुख सल्लाहकार मोहम्मद युनुससँग पनि भेट गर्नुभयो। सम्मेलनभन्दा अलग्गै, श्री मोदीले भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेसँग पनि भेट गर्नुभयो। श्री तोब्गेले सामाजिक सञ्जालमा पोस्टमा, भारतसँगको आफ्नो मित्रता निकै जीवन्त रहेको र दुवै देशले विभिन्न क्षेत्रमा सहयोग गरिरहेको बताउनुभएको छ। हिजो श्री मोदीले थाइल्याण्डका प्रधानमन्त्री पेन्टोङटर्न सिनावात्रासँग द्विपक्षीय वार्ता गर्नुभएको थियो। दुई नेताले भारत र थाइल्याण्डबीच द्विपक्षीय सहयोगका विभिन्न पक्षको समीक्षा गर्नुभएको छ। बिमस्टेक शिखर सम्मेलनपछि श्री मोदी दुई देशको भ्रमणको दोस्रो चरणमा आज श्रीलंका जानुभयो। श्रीलंकाको तीनदिने औपचारिक भ्रमणका क्रममा उहाँले त्यहाँका राष्ट्रपति अनुरा कुमारा दिसानायकेसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ।

**Parliament-Sine Dine**

संसदको दुवै सदनको बैठक आज अनिश्चितकालका लागि स्थगित गरिएको छ। यससँगै यस वर्ष 31 जनवरीदेखि सुरु भएको संसदको बजेट अधिवेशन समाप्त भएको छ। आफ्नो समापन भाषणमा, लोकसभा अध्यक्ष ओम बिरलाले बजेट सत्रमा, सदनमा 118 प्रतिशत उत्पादकत्व रेकर्ड गरिएको जानकारी दिँदै, राज्यसभामा १६ वटा विधेयक पारित भएको बताउनुभयो। भारतमाथि अमेरिकाले लगाएको जवाबी शुल्कका विषयमा विपक्षी दलको होहल्लाबीच लोकसभाको बैठक बिहान १२ बजेसम्मका लागि स्थगित गरिएको थियो। त्यसपछि सदनको कार्यवाही सुरु हुनासाथ कांग्रेस, डीएमके र अन्य दलका सदस्यहरूले नाराबाजी गर्न थाले र केही सदस्य यही विषयमा सदनका बीचमा आएका थिए। अर्कोतर्फ, सत्तारुढ दलका सदस्यहरूले कांग्रेस नेतृ सोनिया गान्धीले वक्फ संशोधन विधेयकलाई संविधानमाथि आक्रमण हो भनेकामा, उहाँको भनाइप्रति माफी

माग्नुपर्ने माग गरे। यस होहल्लाबीच अध्यक्ष ओम बिरलाले सदनको कार्यवाही दिउँसो १२ बजेसम्मका लागि स्थगित गर्नुभएको थियो। राज्यसभामा दिउँसो १ बजे दोस्रो सदन स्थगित भएपछि सदन सुचारु हुँदा, अध्यक्ष जगदीप धनखरले सदनलाई अनिश्चित कालका लागि स्थगित गर्नुभयो। आफ्नो समापन भाषणमा अध्यक्ष श्री धनखरले सदनले ११९ प्रतिशत उत्पादकत्व देखाएको जानकारी गराउनुभयो। यसअघि सदनको कार्यवाही दुईपटक स्थगित भएको थियो।

**India-UN Report**

संयुक्त राष्ट्र संघको रिपोर्टअनुसार, अहिले भारत कृतिम बुद्धिमता अर्थात् आर्टिफिसियल इन्टेलिजेन्समा महत्त्वपूर्ण निजी लगानीको हिसाबले दशौँ स्थानमा खडा छ। संयुक्त राष्ट्र व्यापार एवं विकास विभागद्वारा जारी प्रविधि र नवाचार रिपोर्ट 2025 अनुसार, भारत 2024 मा 36 औँ स्थानमा थियो र यो बृद्धि भारतले 2022 मा आफ्नो 48 औँ स्थानमा गरेको सुधार हो। भारतले भावी उन्नत प्रविधिका लागि तयार 170 देशको विश्वव्यापी सूचकांकमा 36 औँ स्थान प्राप्त गरेको छ। प्रतिवेदनमा चीन, जर्मनी, भारत, बेलायत र अमेरिकाले कृतिम बुद्धिमताका क्षेत्रमा वैज्ञानिक शक्ति प्रदर्शन गरेको उल्लेख छ। यस क्षेत्रमा निजी लगानीको हिसाबले अमेरिका पहिलो स्थानमा छ।

**Kiran Rijiju-Parliament**

संसदीय मामिला मन्त्री किरण रिजिजुले आज सम्पन्न बजेट अधिवेशन निकै सार्थक भएको बताउनुभएको छ। उहाँले नयाँ दिल्लीमा सञ्चारमाध्यमसँग कुराकानी गर्दै, वक्फ संशोधन विधेयकमाथिको छलफलका क्रममा एकपटक पनि कार्यबाही अवरुद्ध नभएको र संसदीय इतिहासमा कुनै पनि विषयमा यति लामो छलफल कहिल्यै नभएको बताउनुभयो। श्री रिजिजुले बजेट सत्रमा लोकसभामा १६ र राज्यसभामा १४ वटा विधेयक पारित भएको जानकारी दिनुभयो।

**Cabinet-Rail**

केन्द्रीय मन्त्रिपरिषद्ले रेल मन्त्रालयका चार परियोजनाहरूलाई स्वीकृत गरेको छ जसको कुल लागत 18 हजार 6 सय 58 करोड रुपियाँ रहेको छ। आज नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै, सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यी परियोजनाहरूले तीन राज्य महाराष्ट्र, ओडिशा र छत्तीसगढका 15 जिल्लामा भारतीय रेलवेको विद्यमान सञ्जाललाई लगभग 1 हजार 2 सय 47 किलोमिटरले बढाउनेछ। ती आयोजनामा सम्बलपुर-जरपाडा, झारसुगुडा-सासन, खरसिया-नया रायपुर-परमलकसा, गोन्दिया-बल्हारशाहलाई दोहोरो बनाउने योजना रहेको जानकारी दिनुभयो।

## Labor Ministery-Financial Help

श्रम तथा रोजगार मन्त्रालयले बिँडी तथा सिनेमा उद्योग र कोइला खानीबाहेकका कामदारका बालबालिकाको शिक्षाका लागि आर्थिक सहयोग उपलब्ध गर◌ाएको छ। शैक्षिक वर्ष २०२४-२५ मा छात्रवृत्तिका लागि आवेदन दिएका ९२ भन्दा बढी बालबालिकालाई कुल ३२ करोड ५१ लाख रुपियाँ वितरण गरिएको छ। विद्यालय, कलेज र व्यावसायिक पाठ्यक्रममा अध्ययन गर्न योग्य बालबालिकालाई वार्षिक २५ हजारसम्मको आर्थिक सहायता उपलब्ध गराइने मन्त्रालयले जनाएको छ। यो योजना राष्ट्रिय छात्रवृत्ति पोर्टल मार्फत लागू गरिँदै छ। यो योजना श्रम कल्याण महानिर्देशनालयको प्रशासनिक अन्तर्गत रहेको १८ वटा क्षेत्रमा श्रम कल्याण सङ्गठनले लागू गर्दछ।

## Niti Ayok-Workshop

नीति आयोगले नयाँ दिल्लीमा **'स्थानीय विकास योजनामा जलवायु अनुकूलनको मुख्यधारा'** विषयमा राष्ट्रिय कार्यशाला आयोजना गरेको छ। कार्यशालामा नीति निर्माता, जलवायु विज्ञ, नागरिक समाज सङ्गठन र विकास व्यवसायीहरूको सहभागिता रहेको थियो र पञ्चायत विकास योजनाहरूमा जलवायु लचीलापन प्रभावकारी रूपमा समावेश गर्न रणनीतिहरू अन्वेषण गरिएको छ। कार्यशालामा जलवायु चुनौतिलाई प्रभावकारी ढङ्गमा समाधान गर्नका लागि ग्राम पञ्चायतहरूलाई उपकरण, ज्ञान र श्रोतसाधनले सुसज्जित पार्नुपर्नेमा जोड दिइएको छ। कार्यशालामा पञ्चायत स्तरमा क्षेत्रीय योजनाका सबै पक्षहरूमा जलवायु अनुकूलनलाई एक◌ीकृत गर्न र यसलाई एक्लो प्रयासका रूपमा हेर्न नहुने कुरामा पनि प्रकाश पारिएको छ। त्यसबाहेक, स्थानीय रूपमा सान्दर्भिक अनुकूलन रणनीतिहरू विकास गर्न समुदाय-स्तरको ज्ञानसँग जलवायु नमूना संयोजन गर्नु महत्त्वपूर्ण रहेको कुरा उल्लेख गरिएको छ।

## Manoj Kumar-Rekha Gupta

दिल्लीक◌ा मुख्यमन्त्री रेखा गुप्ताले वरिष्ठ अभिनेता तथा फिल्म निर्माता मनोज कुमारको निधनमा शोक व्यक्त गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमा पोस्ट गर्दै, यो भारतीय सिनेमाका लागि अपूरणीय क्षति भएको बताउनुभएको छ। श्रीमती गुप्ताले स्वर्गीय मनोज कुमारका क्रान्ति, उपकार र पूरब और पश्चिम जस्ता प्रतिष्ठित चलचित्रहरूलाई कालजयी चलचित्रका रूपमा वर्णन गर्नुभयो र यी चलचित्रमार्फत देशवासीमा देशभक्तिको भावना फैलाएको अनि चलचित्रमा मनोज कुमारको योगदान सधैँ सबैका लागि प्रेरणाको स्रोत रहने बताउनुभयो।

## Govt.-Human-Wildlife

भारतले मानव-वन्यजीव-पर्यावरण इन्टरफेसमा जुनोटिक स्पिलओभर जोखिमहरू समाधान गर्नका लागि अन्तर-मन्त्रालय वैज्ञानिक अध्ययन सुरु गर्नेछ। यो अनुपम अध्ययन सिक्किम, महाराष्ट्र र तमिलनाडुका चुनिएका पंक्षी संरक्षणक्षेत्र र सिमसार क्षेत्रहरूमा सञ्चालन गरिनेछ। केन्द्रीय स्वास्थ्य मन्त्रालयले भनेको छ, विस्तृत अनुसन्धान परियोजनाले पंक्षी संरक्षणक्षेत्रका कामदारहरू र त्यस नजिकका बासिन्दाहरूमा जुनोटिक रोगहरू पत्ता लगाउन र निदान गर्न वास्तविक-समय निगरानी मोडेल विकास गर्ने लक्ष्य राखेको छ। मन्त्रालयले नयाँ दिल्लीस्थित भारतीय आर्युविज्ञान अनुसन्धान परिषद मुख्यालयमा आज चयन गरिएको पक्षी संरक्षणक्षेत्र र सिमसार क्षेत्रमा अध्ययन सुरु गरिएको जनाएको छ।

## IPL

लखनऊमा IPL क्रिकेटमा लखनऊ सुपर जाइन्टसको भीडन्त मुम्बई इन्डियन्ससित भइरहेको छ। अङ्क तालिकामा, मुम्बई इन्डियन्स छैठौं स्थानमा र लखनाऊ सुपुर जाइन्टस् सातौँ स्थानमा रहेका छन्।

## Boxing

भारततीय बक्सर हितेश ब्राजीलमा आज सम्पन्न बक्सिङ विश्वर कप-२०२५ को फाइनलमा पुग्ने पहिलो भारतीय बक्सर भएका छन्। उनले सेमिफाइनलमा ७० केजी वर्गमा फ्रान्सका माक्रन ट्रारलाई ५-० ले पराजित गरे।

**अन्त्यमा प्रमुख समाचार पुन: एकपटक**

- बिम्सटेक शिखर सम्मेलन विश्व सुधारका लागि महत्त्वपूर्ण मञ्च भएको प्रधानमन्त्रीको भनाइ
- संसदको दुवै सदन कार्यबाही अनिश्चितकालका लागि स्थगित
- भारत कृतिम बुद्धिमत्तामा विश्वमा दशौँ स्थानमा
- संसदम वक्फ संशोधन विधेयकमाथि भएको छलफल संसदीय इतिहासमै सबैभन्दा लामो भएको संसदीय मामिला मन्त्रीको भनाइ
- आईपीएल क्रिकेटमा लखनऊ सुपर जाइन्ट्स र मुम्बई इन्डियन्स लखनाऊमा भिड्दै